संयुक्त राष्ट्रसङ्घ
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

## प्रेस विज्ञप्ति - २०६५ माघ २३

### उच्चायुक्तको कार्यालय-नेपालद्वारा धनुषामा भएको बेपत्ता पार्ने कार्यका सम्बन्धमा सर्वोच्च अदालतबाट भएको आदेशको शीघ्र कार्यान्वयन गर्न आह्वान

उच्चायुक्तको कार्यालय-नेपाल सन् २००३ अक्टोबरमा धनुषा जिल्लामा भएको पाँच विद्यार्थीलाई बलपूर्वक बेपत्ता पार्ने कार्यसम्बन्धी मुद्दामा सर्वोच्च अदालतले गरेको निर्णयको स्वागत गर्दछ। सन् २००७ अगस्टमा दायर गरिएको रिट निवेदनमाथि माघ २० गते भएको सुनुवाईमा सर्वोच्च अदालतले नेपाल प्रहरीलाई जाहेरी दरखास्त दर्ता गरी सो बेपत्ता पार्ने कार्यको अनुसन्धानलाई अगाडि बढाउन आदेश दियो।

नेपाल प्रहरीले वरिष्ठ प्रहरी, सैन्य तथा नागरिक अधिकारीहरूको नाम किटानी गरिएको र दुई वर्षअघि पहिचान गरिएको सम्भावित चिहानस्थलको विवरण भएको जाहेरी दरखास्त दर्ता गर्न पहिले अस्वीकार गरेको थियो। नेपाल प्रहरीले चिहानस्थलमा शव उत्खनन गर्न विधिविज्ञ सहायताका लागि अझै अनुरोध गरेको छैन। उच्चायुक्तको कार्यालय र राष्ट्रिय मानवअधिकार आयोग (आयोग) दुवैले ती घटनाहरूको नजिकबाट अनुगमन गरिरहेका छन्। सन् २००८ जनवरीमा आयोगले सो घटनाको पूर्ण अनुसन्धान गर्न र पीडितका परिवारहरूलाई क्षतिपूर्ति दिन सिफारिस गरेको थियो।

नेपालको सर्वोच्च अदालतले सरकारलाई बेपत्ता पार्ने कार्यका लागि जिम्मेवार व्यक्तिहरूमाथि अनुसन्धान गर्न र तिनीहरूलाई अभियोजन गर्न आह्वान गर्दै सन् २००७ जुनमा गरेको अभूतपूर्व निर्णय तथा १५ वर्षीया मैना सुनुवारको हत्याको घटनासम्बन्धी सन् २००७ सेप्टेम्बरमा गरेको निर्णयलगायत मानवअधिकारको अनुसन्धानसम्बन्धी कैयौं महत्त्वपूर्ण निर्णयहरू गरेको छ। तर, अदालतका अधिकांश निर्णयहरू कार्यान्वयन गर्न बाँकी नै छन् र कुनै पनि पीडकलाई न्यायको कठघरामा ल्याइएको छैन।

"सर्वोच्च अदालतद्वारा हालै भएका निर्णयहरूले नेपालमा जवाफदेहीताको अभावलाई सम्बोधन गर्ने तथा दण्डहीनताको अन्त्य गर्ने जरुरी आवश्यकतामाथि प्रकाश पारेका छन्," नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयकी उपप्रमुख ज्योति साङ्घेराले भन्नुभयो।

"धनुषामा बेपत्ता पार्ने कार्य तथा मानवअधिकारसँग सम्बन्धित अन्य गम्भीर उल्लङ्घनका पीडकहरूलाई न्यायको कठघरामा ल्याउने कुरालाई सुनिश्चित गर्नेगरी यो र सर्वोच्च अदालतका अन्य निर्णयहरू कार्यान्वयन गर्न तत्काल कदमहरू चालेर दण्डहीनता अन्त्य गर्ने आफ्नो प्रतिबद्धता पूरा गर्न उच्चायुक्तको कार्यालय सरकारलाई प्रोत्साहन गर्दछ।"

**For further information contact Marty Logan, Tel.: 428 0164 (Ext.321); 98510.16922 (m) or mlogan@ohchr.org, or Chun Gurung, tel: 4280164, ext 320; 9851016937 (m) or cgurung@ohchr.org**